## लुम्बिनी प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुको बिद्युतीय अभिलेखिकरण को लागि कार्य क्षेत्रगत शर्त

**(Term Of Reference)**

### १. पृष्ठभूमी

प्राकृतिक, भौगोलिक, धार्मिक र साँस्कृतिक विविधतायुक्त यस प्रदेशको पर्यटन उद्योग विकासका धेरै सम्भावनाहरु रहेका छन्। आन्तरिक पर्यटनका लागि पनि यो प्रदेश देशकै अग्रणी मानिन्छ। प्रदेश सरकारको दीर्घकालीन सोचमा पर्यटन क्षेत्रको विकास एवम् बृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान गर्ने उल्लेख छ। यस सोचलाई पुरा गर्न प्रदेशमा भएका पर्यटकीय सम्पदाहरुको पहिचान, विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्ने प्रदेश सरकारको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन बिद्युतीय अभिलेखिकरण को महत्वपुर्ण माध्यम हुन सक्छ। यस प्रदेशमा रहेका पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार र पर्यटन प्रवर्द्धन गर्न बिद्युतीय अभिलेखिकरण एक महत्वपूर्ण माध्यम हुनेछ। यसको लागि धार्मिक तथा पर्यटकीय सम्पदाहरुको अभिलेखिकरणको लागि यो कार्य क्षेत्रगत शर्त तयार गरिएको छ ।

### २. कार्यक्रमको लक्ष्य

पर्यटकीय सम्पदाहरुको आधिकारिक विवरणहरुको अभिलेख तयार गरी बिद्युतीय अभिलेखिकरण र नेटवर्किङ मार्फत विश्वव्यपी प्रचार प्रसार गरी पर्यटकको संख्या बृद्धि गर्न र पर्यटकीय क्रियाकलापको माध्यमले स्थानीय तथा प्रादेशिक अर्थतन्त्रमा योगदान पुऱ्याउने।

### ३. कार्यक्रमको उद्देश्य

- प्रदेश भित्रका मुख्य पर्यटकीय सम्पदाहरुको बिद्युतीय अभिलेखिकरण गरी पर्यटकीय सूचनाको सहज पहुँच स्थापित गर्ने।
- प्रदेश भित्रका पर्यटकीय गन्तव्यहरुको राष्ट्रिय तथा अन्तरार्ष्ट्रियस्तरमा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने।
- पर्यटकीय गन्तव्यहरुमा पर्यटकहरुको आवागमनमा बृद्धि गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने।
- पर्यटन प्रवर्द्धनका गतिविधिहरुलाई स्थानीय समुदायको सामाजिक र आर्थिक समृद्धिसँग आवद्ध गर्दै लैजाने।

### ४. कार्यक्षेत्र

पर्यटकीय सम्पदाहरुको बिद्युतीय अभिलेखिकरणको क्षेत्र प्रदेशका १२ जिल्ला हुनेछ। १२ जिल्लामा रहेका देहाय बमोजिमका ऐतिहासिक, पुरातात्विक, धार्मिक र प्राकृतिक महत्वका सम्पदाहरुको विज्ञहरुको बैठकवाट छनोट गरिएका देहायका सम्पदाहरु हुनेछन।

**क. नवलपरासी (ब.सु.प.)का प्रमुख पर्यटकीय स्थलहरु**

१. रामग्राम २. बाबा बर्दगोरिया ३. पाल्ही भगवती ४. त्रिवेणी धाम (अनोमा घाट) ५. मदार बाबा ६.महलपोखरी मन्दिर ७. ककरपत्ता(कोलबृक्ष) ८.वैरागनाथ मन्दिर

**ख. रुपन्देहीका प्रमुख पर्यटकीय स्थलहरु**

१.लुम्बिनी २. सैनामैना क्षेत्र ३. भवानीपुर,देवदह, ४. जितगढी किल्ला/फुलबारी ५. पर्रोहा धाम/नरेनापुर ६. मर्चवारीमाई मन्दीर ७. चारपाला क्षेत्र,वुटवल-१२

प्रदेश सचिव

ग. कपिलवस्तुका प्रमुख पर्यटकीय स्थलहरु

१. तिलौराकोट दरबार क्षेत्र २. निग्लिहवा ३. गोटिहवा ४. कपिलदेव आश्रम ५. कुदान (निर्गोधाराम) ६. अरौराकोट ७. सिसहनियाकोट ८. लम्बुसागर ताल(सगरहवा) ९. शिवगढी १०. तौलेश्वरनाथ मन्दिर

घ. पाल्पाका प्रमुख पर्यटकीय स्थलहरु

१. ऋषिकेशव/रुरुक्षेत्र, २. भैरवस्थान मन्दिर/टक्सार ३. पाल्पा दरवार संग्रहालय र भगवती मन्दिर ४. रानीमहल ५. सिद्धबाबा क्षेत्र/रामापिथेकस ६. नुवाकोट गढी ७. राम्दीघाट ८. बल्डेङ्गगढी

ङ. गुल्मीका प्रमुख पर्यटकीय स्थलहरु

१. रेसुङ्गा धाम २.श्रृङ्गा ३.गुल्मी दरबार ४.चन्द्रकोट ५. धुर्कोट दरबार ६. मुसिकोट ७. इस्माकोट ८. बम्भाकोट ९.छत्रकोट १०. बम्घा ११. मालिका(बाझकटेरी)

च.अर्घाखाँचीका प्रमुख पर्यटकीय स्थलहरु

१. पाणिनी तपोभूमी २. सुपादेउराली मन्दिर ३. उलुकछत्र ४. अर्घा दरबार ५. खाँची दरबार/नरपानी ६. बामरुक नरसिंह स्थान ७. परशुरामेश्वर शिवालय/वलकोट ८. मालारानी

छ.प्यूठानका प्रमुख पर्यटकीय स्थलहरु

१. स्वर्गद्वारी २. गौमुखी ३. ओखरकोट ४. मल्लरानी ५. नौबहिनी ६.ऐरावती तिर्थ ७. भिङ्ग्रीकोट ८.भित्रिकोट ९.कात्रेखोला झाक्री (खलङ्गा)

ज.रोल्पाका प्रमुख पर्यटकीय स्थलहरु

१. जलजला,वराहक्षेत्र २. रुन्टीगढी म्यागजीनगढी ३. चतुर्भुज पाञ्चायान मन्दिर र त्रिपुरेश्वरी देवी खुङ्ग्री ४. गजुरकोट ५. खुङ्ग्रीकोट ६. सुनछहरी झरना

झ. पूर्वी रुकुमका प्रमुख पर्यटकीय स्थलहरु

१. कमल दह क्षेत्र/बराह मन्दिर/रुकुमकोट २. तकसेरा सँस्कृतिक क्षेत्र ३. मैकोट/सुनदह ४. हुकाम मैकोटको मष्टाथान ५.भूमे

ञ.दाङका प्रमुख पर्यटकीय स्थलहरु

१. धारापानी (पाण्डवेश्वर धाम) २. बगार बाबा धार्मिक क्षेत्र(रियार) ३. गोरक्ष रतननाथ ४. अम्बिकेश्वरी मन्दिर ५.सिद्धभगवन्तनाथ ६.देवीकोट ७. दङगीशरण थारु संग्रहालय/सुकौराकोट ८. बाहकुने दह/वराहथान ९. जंगलकुटी १०.उजाभगवती मन्दिर ११.छिल्लीकोट १२.रामजानकी मन्दिर कोइलावास क्षेत्र(गढीछेडा)

ज. बाँकेका प्रमुख पर्यटकीय स्थलहरु

१. जयबागेश्वरी मन्दिर क्षेत्र २.हरिया बाबा ३. बर्फेनी बाबा धाम ४. सन्तानेश्वर धाम ५.भुवर भवानी

झ.बर्दियाका प्रमुख पर्यटकीय स्थलहरु

१. ठाकुरबाबा मन्दिर २.दानव ताल ३. बगलामुखी मन्दिर गुलरिया ४.केदारेश्वर धाम ५.राजापुर महाकालेश्वर मन्दिर ६.कोटहीमाई

(२)

प्रदेश सचिव

५. कार्य सम्पादन गर्ने विधी (Methodology)

१. प्रत्येक सम्पदा स्थलमा उपस्थित भई परामर्शदायी संस्थाको विज्ञ सहितको टोलीले सम्पदास्थलको स्थलगत निरीक्षण गर्नुपर्नेछ।

२. संस्थाले सम्पदा स्थलमा सम्बन्धित सम्पदा संरक्षण समितिका पदाधिकारी/सम्बन्धित पालिकाको पर्यटन हेर्ने पदाधिकारी/कर्मचारी सहित स्थानीय जानकार तथा सरोकारवाला व्यक्तिहरुको उपस्थित छलफल गराउनु पर्नेछ।

३. सम्पदाको ऐतिहासिक पृष्ठभूमि यस अध्ययनको केन्द्र भएको हुँदा सम्पदा सम्बन्धी ऐतिहासिक दस्तावेज, शिलालेख, स्मारक र अभिलेखको प्रमाणिक सूचना प्राप्त गर्नुपर्नेछ।

४. मुख्य सम्पदासँग जोडिएका सहायक सम्पदाहरुको तस्विर सहित विस्तृत विवरण प्राप्त गर्नु पर्दछ।

५. अभौतिक सम्पदाहरु (लोक संस्कृति, अभिनयकला, संस्कारहरु, जात्रा पर्व, नृत्य, मेला पर्वहरु तीर्थवर्तहरु आदि) को उदभव तथा हालसम्मको निरन्तरता सम्बन्धी आवश्यक विवरण सम्बन्धी लिखत हुनुपर्नेछ। यसको अभिलेख तस्विर समेत समावेश गर्नुपर्नेछ।

६. मुख्य सम्पदाको चारै दिशाबाट लिएको तस्विरका साथै, सहायक सम्पदा, अभौतिक सम्पदा र महत्वपूर्ण अभिलेखको तस्विर लिनु पर्नेछ।

७. सम्पदाको वर्तमान संरक्षण र विकासको अवस्थाको बारेमा सूचना लिनु पर्नेछ।

**६. सम्पदाको अभिलेख ढाँचा:-** प्रत्येक सम्पदाको अभिलेख ढाँचा देहाय बमोजिम हुनुपर्नेछ-

| क्र.सं. | विषय | अंक भार |
|---|---|---|
| १ | परिचय | ५ |
| २ | ऐतिहासिक पृष्ठभूमि | २० |
| ३ | भौतिक सम्पदा (मुख्य भौतिक सम्पदा) | १० |
| ४ | सहायक भौतिक सम्पदाहरु | १० |
| ५ | अभौतिक सम्पदाहरु | १५ |
| ६ | अभिलेख र पुरातात्विक सामग्रीको संरक्षण | १५ |
| ७ | दिर्घकालिन सोच | १५ |
| ८ | निष्कर्ष | ५ |
| ९ | तस्विरहरु (मुख्य/सहायक सम्पदा 4k resolution) र अभौतिक सम्पदाको समेत | ५ |
| | जम्मा अंक भार | १०० |

**८. मस्यौदा प्रतिवेदन**

कार्यक्रमको उद्देश्य बमोजिम संकलित सूचना र विवरणको विश्लेषण सहित सि.नं. ४ मा उल्लेखित सबै सम्पदाहरुको सि.नं. ६ बमोजिमको ढाँचामा सिलसिलेवार समेटीएको मस्यौदा प्रतिवेदन मन्त्रालयमा सुझावको लागि पेश गर्नु पर्नेछ।

प्रदेश सचिव

९. कार्यशाला गोष्ठी
परामर्शदायक संस्थावाट प्राप्त प्रारम्भिक मस्यौदा प्रतिवेदन उपर सरोकारवाला र विज्ञको उपस्थितीमा मन्त्रालयले कार्यशाला गोष्ठीको आयोजना गरी संस्थाले प्रस्तुती गरी प्राप्त सुझाव समेतका आधारमा अन्तिम मस्यौदा तयार गर्न लगाउनेछ।

१०. अन्तिम प्रतिवेदन
कार्यशाला गोष्ठीवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम प्रतिवेदनलाई संस्थाले मन्त्रालयमा पेश गर्नेछ।

**११. समय सिमा** : यस कार्यको लागी कूल ६ महिना समय तोकिएको छ। कार्यटोलीले उक्त समय सिमामा कार्य सम्पादन गर्नुपर्नेछ ।

**१२. बजेट लागत अनुमानः** बिद्युतीय अभिलेखिकरणमा उल्लेखित कार्यहरुको लागि लागत अनुमान रु २००००००।– रहेको छ । यसमध्ये परामर्शदायक संस्थावाट गरिने क्रियाकलापहरुको लागि लागत अनुमान रु.१६३००००।– रहेको छ । सूचना प्रकाशन, परामर्शदाताको अभिमुखीकरण र मस्यौदा उपरको छलफलको लागत अनुमान रु.३७०००० मन्त्रालयवाट सम्पादन हुनेछ ।

१३. प्राविधिक मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विषय | अङ्क भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | संस्थाको दर्ता नविकरण | १५ | |
| २ | संस्थाको स्थायी ठेगाना | २० | |
| ३ | संस्थाको कार्य अनुभव | २५ | |
| ४ | विषयगत विशेषज्ञहरु | २० | |
| ५ | संस्थाका उपकरण | १० | |
| ६ | क्यामेरा मेन | १० | |

द्रष्टव्यः-
१. संस्था मूल्य अभिवृद्धि करमा दर्ता भएको १० र नविकरण भए ५ गरी १५ अंक प्राप्त हुनेछ।
२. संस्थाको स्थायी ठेगाना लुम्बिनी प्रदेशमा भए २० र अन्य प्रदेशमा भए १० अंक प्राप्त हुनेछ।
३. संस्थाको कार्य अनुभव- संस्थाले संस्कृति र पर्यटनको क्षेत्रमा लुम्बिनी प्रदेशमा कार्य गरेको प्रत्येक कार्यको ५ अंकले २५ अंक प्राप्त गर्नेछ र अन्य प्रदेशमा कार्य गरेको प्रत्येक कार्यको ३ अंकले १५ अंक प्राप्त गर्नेछ।
४. स्नातकोत्तर उपाधि गरी संस्कृति र पर्यटन क्षेत्रमा विगत कम्तिमा ५ वर्ष कार्य अनुभव भएको जनशक्तिको प्रत्येक जनशक्तिको ५ अंकका दरले अधिक्तम २० अंक प्राप्त हुनेछ।
५. संस्थाको उपकरण- न्युनतम दुई पाङ्ग्रे सवारी साधन ५ र डेक्सटप कम्प्युटर भए २.५ र ल्यापटप भए २.५ गरी १० अंक प्राप्त हुनेछ।
६. संस्थामा विगत ५ वर्षदेखि क्यामेरा सहित क्यामेरा मेन जनशक्ति भए १० अंक प्राप्त हुनेछ नभए ० अंक प्राप्त हुनेछ ।

सचिव